# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, कार्तिक १३ गते, २०८२ साल (संख्या ३८

## भाग ३

## नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

## सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर २४

### छापाखाना र प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२

छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "छापाखाना र प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को नियम २ मा संशोधन** : छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।"

(२) खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन् :-

"(ग) "विभाग" भन्नाले सूचना तथा प्रसारण विभाग सम्झनु पर्छ।

(घ) "संस्था" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको कम्पनी, फर्म वा संस्था सम्झनु पर्छ।"

३. **मूल नियमावलीमा नियम ८क., ८ख., ८ग., ८घ., ८ङ., ८च., ८छ., ८ज., ८झ., ८ञ., ८ट., ८ठ. र ८ड. थप**: मूल नियमावलीको नियम ८ पछि देहायका नियम ८क., ८ख., ८ग., ८घ., ८ङ., ८च., ८छ., ८ज., ८झ., ८ञ., ८ट., ८ठ. र ८ड. थपिएका छन् :-

"**८क. अनलाइन सञ्चारमाध्यम दर्ता** : (१) यस नियमावली बमोजिम दर्ता नभई अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न पाइने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ऐनको दफा ७ख. बमोजिम अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न चाहने संस्थाले त्यस्तो सञ्चार माध्यम दर्ता गर्नको लागि पाँच हजार रुपैयाँ दस्तुर सहित अनुसूची-८क. बमोजिमको ढाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिँदा देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) अनलाइन पत्रिका, ई-म्यागजिन, न्युजपेपर, न्यूजपोर्टल सञ्चालन गर्ने उद्देश्य उल्लेख भएको प्रबन्धपत्र तथा नियमावली वा संस्थापनासँग सम्बन्धित कागजातको प्रतिलिपि,

(ग) संस्था सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) सम्पादकको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र वा पत्रकारिताको अनुभवको प्रमाणपत्र,

(ङ) संस्थाको स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) संस्थाको अद्यावधिक प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(छ) अनलाइनको डोमेन खुल्ने गरी सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ज) संस्थाको नाम, कार्यालय रहने ठेगाना, दर्ता मिति र डोमेनको समयावधिको विवरण तथा सञ्चालकको नाम,

(झ) संस्थाको कर्मचारी दरबन्दी विवरण तथा दरबन्दी अनुसार कर्मचारी तथा सम्पादकको तलब भुक्तानी बैङ्किङ प्रणाली मार्फत हुने प्रतिबद्धतापत्र।

(४) उपनियम (२) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो अनलाइन सञ्चारमाध्यम दर्ता गर्न उपयुक्त देखिएमा स्थानीय अधिकारीले त्यस्तो अनलाइन सञ्चारमाध्यम दर्ता गरी सम्बन्धित व्यक्तिलाई अनुसूची-८ख. बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अनलाइन सञ्चारमाध्यमको नाम र डोमेन यस अघि दर्ता भई कायम रहेको कुनै अनलाइन सञ्चारमाध्यमको नाम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र डोमेनसँग मिल्ने भएमा वा मिल्दोजुल्दो हुने भएमा वा जातजाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुग्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल कार्य गर्न दुरुत्साहन हुने भएमा त्यस्तो अनलाइन सञ्चारमाध्यम दर्ता हुने छैन।

**स्पष्टीकरण** : यस उपनियमको प्रयोजनका लागि "मिल्दोजुल्दो" भन्नाले यस अघि दर्ता भई सञ्चालनमा आएको अनलाइन सञ्चारमाध्यमको नाम र डोमेनको केही शब्दमात्र फरक पारेको वा दर्ता भएको नाममा उपसर्ग वा प्रत्यय जोडी अर्को नाम बनाएको वा अर्को शब्द थप गरेको वा दर्ता भएको नामको हरफ र फन्ट साईज फरक पारी भ्रम सिर्जना हुने गरी राखेको शब्द सम्झनु पर्छ।

(६) उपनियम (५) बमोजिमको अवस्था भई अनलाइन सञ्चारमाध्यम दर्ता नहुने निर्णय भएमा त्यस्तो निर्णय भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सोको लिखित जानकारी दिनु पर्नेछ।

(७) संस्थाले यस नियमबमोजिम एउटा मात्र अनलाइन सञ्चारमाध्यम दर्ता गर्न सक्नेछ।

(८) प्रचलित कानूनबमोजिम दर्ता भई सञ्चालनमा रहेका पत्रपत्रिका, टेलिभिजन, रेडियो र एफ. एम. रेडियोले अनलाइन सञ्चारमाध्यम दर्ता गर्न चाहेमा आफ्नो नामको डोमेनबाट मात्र अनलाइन सञ्चारमाध्यम दर्ता गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने संस्थाको सम्पादक सहित कम्तीमा तीनजना कर्मचारीको दरबन्दी हुनु पर्नेछ र एउटै व्यक्ति एकभन्दा बढी अनलाइन सञ्चारमाध्यमको सम्पादक हुन पाउने छैन।

(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि दर्ता भई सञ्चालनमा रहेका अनलाइन सञ्चारमाध्यम यस नियमबमोजिम पुनः दर्ता हुनु पर्नेछैन।

**८ख. प्रमाणपत्रको बहाल अवधि तथा नवीकरण :** (१) नियम ८क. बमोजिम जारी भएको अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्रको बहाल अवधि एक आर्थिक वर्षको हुनेछ।

(२) अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र नवीकरण गराउन चाहने संस्थाले प्रमाणपत्र बहाल रहने अवधि भुक्तान नहुँदै दुई हजार पाँच सय रुपैयाँ दस्तुरसहित देहायका कागजातसमेत संलग्न गरी स्थानीय अधिकारीसमक्ष निवेदन दिनु पर्नेछः-

(क) अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र,

(ख) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,

(घ) डोमेनको विवरण,

(ङ) अनलाइन सञ्चारमाध्यमको कर्मचारी दरबन्दी विवरण, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र नवीकरण गर्ने सञ्चालक समितिको निर्णयको प्रतिलिपि।

(३) उपनियम (२) बमोजिमको अवधि भुक्तान भएपछि प्रमाणपत्र नवीकरणको लागि निवेदन प्राप्त हुन आएमा पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्मको लागि बिस प्रतिशत, तेस्रो एक महिनासम्मको लागि तीस प्रतिशत, चौथो एक महिनासम्मको लागि चालिस प्रतिशत, पाँचौं एक महिनासम्मको लागि पचास प्रतिशत, छैठौं एक महिनासम्मको लागि शत प्रतिशत र सातौं महिनादेखि एक आर्थिक वर्षसम्म दुई सय प्रतिशत थप दस्तुरसमेत लिई स्थानीय अधिकारीले त्यस्तो प्रमाणपत्र नवीकरण गरिदिन सक्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधि भुक्तान भएपछि त्यस्तो प्रमाणपत्र स्वत: रद्द हुनेछ।

(५) यो नियम प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमले संवत् २०८२ साल पुस मसान्तसम्म प्रमाणपत्र नवीकरणको लागि निवेदन दिएमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको नवीकरण दस्तुरमा पूर्ण रुपमा छुट दिई प्रमाणपत्रको नवीकरण गर्नेछ।

(६) विभागले यस नियम बमोजिम नवीकरण भएका अनलाइन सञ्चारमाध्यमको विवरण अनुसूची-८ग. बमोजिम राख्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**८ग. <u>सञ्चालक र सम्पादक परिवर्तनको जानकारी गराउने</u>** : (१) संस्थाले अनलाइन सञ्चारमाध्यमको सञ्चालक परिवर्तन गर्न चाहेमा परिवर्तन गर्नुपर्नाको कारण सहित स्थानीय अधिकारीसमक्ष अनुसूची-८घ. बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी जानकारी गराउनु पर्नेछ :-

(क) बहालवाला सञ्चालकको राजीनामा वा अन्य कुनै कारणले सञ्चालकको पद रिक्त हुन आएमा सोको व्यहोरा,

(ख) सञ्चालक परिवर्तन गरेको सञ्चालक समितिको निर्णयको प्रतिलिपि,

(ग) नयाँ सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको हालसालै खिचिएको फोटो, र

(ङ) नयाँ सञ्चालकको नाम खुलेको डोमेन विवरण।

(२) अनलाइन सञ्चारमाध्यमले सम्पादक परिवर्तन गर्नु परेमा सो गर्नुपर्नाको कारण उल्लेख गरी सोको निर्णयसहित स्थानीय अधिकारीसमक्ष अनुसूची-८ङ. बमोजिमको ढाँचामा देहायको कागजात संलग्न गरी जानकारी गराउनु पर्नेछ :-

(क) सम्पादकको राजीनामा वा अन्य कुनै कारणले सम्पादकको पद रिक्त हुन आएमा सोको व्यहोरा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नयाँ सम्पादक नियुक्ति गरेको निर्णयको प्रतिलिपि,

(ग) नयाँ सम्पादकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, र

(घ) नयाँ सम्पादकको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(३) उपनियम (१) र (२) बमोजिमको जानकारीको आधारमा विभागले त्यस्तो अनलाइन सञ्चारमाध्यमको सो सम्बन्धी अभिलेख अद्यावधिक गर्नेछ।

८घ. **<u>अनलाइन सञ्चारमाध्यमको नाम वा ठेगाना परिवर्तन, बिक्री तथा हस्तान्तरण</u>** : (१) अनलाइन सञ्चारमाध्यम सञ्चालकले प्रमाणपत्रमा उल्लिखित अनलाइन सञ्चारमाध्यमको नाम वा ठेगाना परिवर्तन गर्न चाहेमा परिवर्तन गर्नुपर्नाको कारणसहित उपनियम (२) र (३) बमोजिमको सूचना तथा निर्णय संलग्न गरी स्थानीय अधिकारीसमक्ष अनुसूची-८च. बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिनु अघि संस्थाले नाम वा ठेगाना परिवर्तन गर्ने व्यहोराको पन्ध्र दिने सूचना कम्तीमा तीनवटा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सूचना प्रकाशित भएको मितिले पैंतालिस दिनभित्र उक्त अनलाइन सञ्चारमाध्यम विरुद्ध कुनै उजुरी परेमा सो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाले त्यस्तो उजुरी फछ्र्यौट गरी निर्णय गर्नु पर्नेछ।

(४) अनलाइन सञ्चारमाध्यम बिक्री तथा हस्तान्तरण गर्नु परेमा अनलाइन सञ्चारमाध्यम सञ्चालकले स्थानीय अधिकारीसमक्ष अनुसूची-८च. बमोजिमको ढाँचामा देहायका कागजातसमेत संलग्न गरी निवेदन दिनुपर्नेछः-

(क) अनलाइन सञ्चारमाध्यम बिक्री तथा हस्तान्तरण गर्ने निर्णयको प्रतिलिपि,

(ख) खरिद वा हस्तान्तरण गरी लिने संस्थाको नियम ८क. को उपनियम (३) बमोजिमको कागजात।

(५) उपनियम (१) र (४) बमोजिम परेको निवेदन मनासिब देखेमा स्थानीय अधिकारीले त्यस्तो अनलाइन सञ्चारमाध्यमको नाम वा ठेगाना परिवर्तन वा बिक्री तथा हस्तान्तरण गरेको विवरणको अभिलेख अद्यावधिक गरिदिनेछ।

८ङ. **<u>विवरण वेबसाइटमा राख्नुपर्ने</u>** : अनलाइन सञ्चारमाध्यमले देहायका विवरण आफ्नो वेबसाइटको मुख्यपृष्ठ (होमपेज) मा राख्नु पर्नेछः-

(क) स्थानीय अधिकारीबाट प्राप्त प्रमाणपत्रको दर्ता नम्बर,

(ख) कार्यालय र सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर, इमेल, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सम्पादक र श्रमजीवी पत्रकारको विवरण।

**८च.** **सञ्चालकको दायित्व** : (१) अनलाइन सञ्चारमाध्यममा प्रकाशित सामग्री सुरक्षित राख्नु अनलाइन सञ्चारमाध्यम सञ्चालकको दायित्व हुनेछ।

(२) सम्बन्धित अनलाइन सञ्चारमाध्यमले प्रयोगकर्ताको डाटाको गोपनीयता सम्बन्धी नीति प्रकाशन गर्नु पर्नेछ।

**८छ.** **त्रुटि सच्याउने** : अनलाइन सञ्चारमाध्यमले आफूले प्रकाशन वा प्रसारण गरेको सामग्रीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि तत्काल सच्याइए सोको व्यहोरा समेत प्रकाशन गर्नु पर्नेछ।

**८ज.** **अभिलेख** : विभागले नियम ८क. को उपनियम (४) बमोजिम प्रमाणपत्र प्राप्त गरेका अनलाइन सञ्चारमाध्यमको अभिलेख राख्नु पर्नेछ।

**८झ.** **अनुगमन तथा निरीक्षण** : (१) अनलाइन सञ्चारमाध्यमले प्रचलित कानून र यस नियमावलीको पालना गरे नगरेको सम्बन्धमा स्थानीय अधिकारी र प्रेस काउन्सिलले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) स्थानीय अधिकारी वा प्रेस काउन्सिलले उपनियम (१) बमोजिमको अनुगमन तथा निरीक्षण गर्दा आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनलाइन सञ्चारमाध्यमका सञ्चालक, सम्पादक र प्रकाशकको कर्तव्य हुनेछ ।

**स्पष्टीकरण:** यस नियम र नियम १७ को प्रयोजनको लागि "प्रेस काउन्सिल" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ को दफा ३ बमोजिम स्थापना भएको प्रेस काउन्सिल सम्झनु पर्छ।

८ञ. **जानकारी दिनुपर्ने** : अनलाइन सञ्चारमाध्यम कुनै कारणले बन्द भएमा वा सञ्चालन हुन नसकेमा त्यस्तो अनलाइन सञ्चारमाध्यमको सञ्चालकले सोको जानकारी स्थानीय अधिकारीलाई तुरुन्त गराउनु पर्नेछ।

८ट. **प्रमाणपत्र रद्द सम्बन्धी व्यवस्था** : (१) कुनै संस्थाले आफूले प्राप्त गरेको अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र रद्द गर्न चाहेमा रद्द गर्नु पर्नाको कारण उल्लेख गरी स्थानीय अधिकारीसमक्ष अनुसूची-८छ. बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी निवेदन दिनु पर्नेछः-

(क) अनलाइन सञ्चारमाध्यम दर्ता खारेज गर्ने र सोको लागि तीन वटा राष्ट्रियस्तरको दैनिक पत्रिकामा पन्ध्र दिने सार्वजनिक सूचना प्रकाशन गर्ने सञ्चालक समितिको निर्णयको प्रतिलिपि,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) मा उल्लिखित निर्णयबमोजिम प्रकाशित सूचनाको सक्कल प्रति,

(ग) खण्ड (क) बमोजिमको सूचना प्रकाशित भएको मितिले पैंतालिस दिनसम्म अनलाइन सञ्चार माध्यम विरूद्ध कुनै उजुरी परे वा नपरेको विवरण र उजुरी परेको भए सो फछ्र्यौट गरेको निर्णयको प्रतिलिपि,

(घ) पछिल्लो आर्थिक वर्षको संस्था अद्यावधिक भएको विवरण,

(ङ) संस्थाको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(च) संस्थाको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि, र

(छ) अनलाइन सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिमको निवेदन र संलग्न कागजात अध्ययन गर्दा मनासिब देखिएमा स्थानीय अधिकारीले त्यस्तो अनलाइन सञ्चारमाध्यमको दर्ता प्रमाणपत्र रद्द गरी दिनेछ।

८ठ. **<u>डोमेन हस्तान्तरण सम्बन्धी व्यवस्था</u>** : कुनै संस्थाले सञ्चालन गरिरहेको अनलाइन डोमेन अन्य संस्थालाई बिक्री तथा हस्तान्तरण गर्नुपूर्व र बिक्री तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हस्तान्तरण भइसकेपछि स्थानीय अधिकारीलाई सोको जानकारी दिनु पर्नेछ।

८ङ. **<u>दर्ता प्रमाणपत्रको प्रतिलिपि सम्बन्धी व्यवस्था</u>** : दर्ता प्रमाणपत्र हराएको, दैवी प्रकोप परी मासिएको वा पुरानो भई च्यातिएको कारण देखाई कसैले प्रतिलिपि माग गरेमा स्थानीय अधिकारीले पाँच सय रुपैयाँ दस्तुर लिई त्यस्तो प्रमाणपत्रको प्रतिलिपि दिनेछ।"

४. **<u>मूल नियमावलीको नियम ९ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९ को उपनियम (१) मा रहेका "सञ्चालन सम्बन्धी संस्थाले" भन्ने शब्दहरू पछि "वा अनलाइन सञ्चारमाध्यमले" भन्ने शब्दहरू थपिएका छन्।

५. **<u>मूल नियमावलीको नियम १५ मा संशोधन</u>** : (१) मूल नियमावलीको नियम १५ को खण्ड (१) को,-

(१) उपखण्ड (क) मा रहेका "शिक्षण संस्थाबाट" भन्ने शब्दहरूपछि "आम सञ्चार वा पत्रकारिता विषयमा" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपखण्ड (ख) को सट्टा देहायको उपखण्ड (ख) राखिएको छः-

"(ख) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट स्नातक वा सो सरहको उपाधि हासिल गरी नियमित रूपमा प्रकाशन हुने कुनै समाचार प्रधान दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक वा पाक्षिक पत्रपत्रिका वा अनलाइन सञ्चारमाध्यम वा



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समाचार समितिमा कम्तीमा पाँच वर्षसम्म काम गरेको।"

६. **मूल नियमावलीमा अनुसूची थप** : मूल नियमावलीको अनुसूची-८ पछि संलग्न बमोजिमका अनुसूची-८क., अनुसूची-८ख., अनुसूची-८ग., अनुसूची-८घ., अनुसूची-८ङ., अनुसूची-८च. र अनुसूची-८छ. थपिएका छन्ः-

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**"अनुसूची-८क.**

(नियम ८क. को उपनियम (२) सँग सम्बन्धित)

**अनलाइन सञ्चारमाध्यम दर्ताको लागि दिइने निवेदनको ढाँचा**

श्री स्थानीय अधिकारीज्यू,
सूचना तथा प्रसारण विभाग।

देहायको अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने प्रयोजनका लागि दर्ता गरिदिन देहायको विवरण खुलाई यो दरखास्त पेस गरेको छु/छौं :-

१. संस्थाको विवरण :-

(क) नाम :-

(ख) मुख्य डोमेन :-

(ग) भाषा :-

२. कार्यालय रहने स्थान :-

३. सञ्चालकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं.-

४. सम्पादकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं.-

५. स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर नं.-

६. अन्य विवरण :-

दरखास्तवालाको,-
सही :-
नाम, थर :-
ठेगाना :-
सम्पर्क नं.:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनूसुची-८ख.

(नियम ८क. को उपनियम (४) सँग सम्बन्धित)

## अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्रको ढाँचा

सि.नं.: प्रमाणपत्रको दर्ता नं.:

श्री.........................
.......................... ।

**सञ्चालकको फोटो**

तपाईंलाई देहाय बमोजिमको विवरणको अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्नको लागि यो प्रमाणपत्र दिइएको छ:-

१. अनलाइन सञ्चारमाध्यमको विवरण:

(क) नाम :

(ख) डोमेन :

(ग) भाषा :

(घ) प्रमाणपत्र बहाल रहने अवधि :

२. कार्यालय रहने स्थान :

३. सञ्चालकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं. :

४. सम्पादकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं. :

५. स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर नं. :

६. अन्य विवरण :

प्रमाणपत्र जारी गर्नेको,-

कार्यालयको छाप

दस्तखत :

नाम, थर :

दर्जा :

मिति :

द्रष्टव्य : प्रमाणपत्र बहाल रहने अवधि भुक्तान नहुँदै प्रमाणपत्र नवीकरण गरिसक्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

**अनूसुची-८ग.**

(नियम ८ख. को उपनियम (६) सँग सम्बन्धित)

**नवीकरण भएका अनलाइन सञ्चारमाध्यमको विवरणको ढाँचा**

नवीकरण सम्बन्धी विवरण

संस्थाको नाम............... दर्ता नं....................

| क्र.सं. | नवीकरण गरेको मिति | नवीकरण कायम रहने मिति | नवीकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची-८घ.**

(नियम ८ग. को उपनियम (१) सँग सम्बन्धित)

**सञ्चालक परिवर्तनको जानकारी दिने ढाँचा**

मितिः ..........................

श्री स्थानीय अधिकारीज्यू,
सूचना तथा प्रसारण विभाग।

विषयः- सञ्चालक परिवर्तन सम्बन्धी जानकारी ।

महोदय,

छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को नियम ८क. को उपनियम (४) बमोजिम मिति .................. मा प्राप्त प्रमाणपत्र नं. .................. को ................ अनलाइन सञ्चारमाध्यमको देहाय बमोजिम सञ्चालक परिवर्तन गरेको जानकारी गराउँछु ।

देहाय :

निवेदकको,-

दस्तखत :

नाम :

ठेगाना :

संस्थाको तर्फबाट भए पद :

सम्पर्क टेलिफोन नं. :

संस्थाको छाप :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-८ङ.

(नियम ८ग. को उपनियम (२) सँग सम्बन्धित)

**सम्पादक परिवर्तनको जानकारी दिने ढाँचा**

मितिः.....................

श्री स्थानीय अधिकारीज्यू,
सूचना तथा प्रसारण विभाग।

विषयः- सम्पादक परिवर्तन सम्बन्धी जानकारी ।

महोदय,

छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को नियम ८क. को उपनियम (४) बमोजिम मिति..................मा प्राप्त प्रमाणपत्र नं. .................. को ................ अनलाइन सञ्चारमाध्यमको देहाय बमोजिम सम्पादक परिवर्तन गरेको जानकारी गराउँछु ।

देहाय :

निवेदकको,-
दस्तखत :
नाम :
ठेगाना :
संस्थाको तर्फबाट भए पद :
सम्पर्क टेलिफोन नं. :
संस्थाको छाप :



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची-८च.**

(नियम ८घ. को उपनियम (१) र (४) सँग सम्बन्धित)

**अनलाइन सञ्चारमाध्यमको नाम वा ठेगाना परिवर्तन, बिक्री तथा हस्तान्तरण गर्नको लागि दिइने निवेदनको ढाँचा**

मितिः.....................

श्री स्थानीय अधिकारीज्यू,
सूचना तथा प्रसारण विभाग ।

विषयः- अनलाइन सञ्चारमाध्यमको नाम वा ठेगाना परिवर्तन, बिक्री तथा हस्तान्तरण गरी पाऊँ।

महोदय,

छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को नियम ८क. को उपनियम (४) बमोजिम मिति............मा प्राप्त प्रमाणपत्र नं. ........... को.............. अनलाइन सञ्चारमाध्यमको देहाय बमोजिम ठेगाना वा कम्पनीको नाम परिवर्तन, बिक्री तथा हस्तान्तरण गर्नको लागि यो निवेदन पेस गरेको छु।

देहाय :

निवेदकको,-
दस्तखत :
नाम :
ठेगाना :
संस्थाको तर्फबाट भए पद :
सम्पर्क टेलिफोन नं. :
संस्थाको छाप :



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची-८छ.**

(नियम ८ट. को उपनियम (१) सँग सम्बन्धित)

**दर्ता प्रमाणपत्र रद्द गर्नको लागि दिइने निवेदनको ढाँचा**

मितिः.......................

श्री स्थानीय अधिकारीज्यू,
सूचना तथा प्रसारण विभाग।

विषयः- प्रमाणपत्र रद्द गरी पाऊँ ।

महोदय,

छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को नियम ८ट. को उपनियम (१) बमोजिम मिति..........मा प्राप्त प्रमाणपत्र नं. ......... को ............ अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र रद्द गर्नको लागि देहायको कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु ।

संलग्न कागजात :-

निवेदकको,-
दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क टेलिफोन नं. :
संस्थाको तर्फबाट भए पद :
संस्थाको तर्फबाट भए छाप :"

**आज्ञाले,**
**राधिका अर्याल**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।